स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## नगरकार्यपालिकाको बैठक नं. १९१

आज मिति २०८३।०१।२१ गते सोमबार थारु संवत २६४९ घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १९१औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | मिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | रामबहादुर हमाल | सचिव | | |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १ | ओम जि.एम. | इन्जिनियर सातौं तह | | |
| २ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

**नगरकार्यपालिका बैठक नं. १९१, मिति २०८३।०१।२१ गते सोमबार थारु संवत २६४९**

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा।
२. आगामी आ.व. २०८३/८४को नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा।
३. विद्यालय संचालन सम्बन्धमा।
४. सुकुम्वासी व्यवस्थापन सम्बन्धमा।
५. भूमि प्रशासन सेवा प्रवाह गर्ने सम्बन्धमा
६. भुमि व्यवस्थापन नापजाँचमा खटीने कर्मचारीहरुलाई खाना खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा।
७. ठेक्काको म्याद थप सम्बन्धमा।
८. नगर प्रशासनिक भवन निर्माणको भुक्तानी दिने सम्बन्धमा।
९. आमा सुरक्षा कार्यक्रम संचालनका लागि सिफारिस गर्ने सम्बन्धमा।
१०. स्वास्थ्य विमा अन्तर्गत प्रथम बिन्दुको सेवा व्यवस्थापन सम्बन्धमा।
११. भेरियसन अर्डर १ स्वीकृत सम्बन्धमा।
१२. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा। (निजि जग्गाबाट ढुङ्गा माटो उठाउन)
१३. श्री बराहक्षेत्र मा.वि. सेवार वनगाउँको जिर्ण भवन संरचना हटाउने सम्बन्धमा।
१४. बहुवर्षीय योजनाको रुपमा ठेक्का आव्हान गर्न अनुमती दिने। (वडा नं. १४ जनमैत्री टोलमा बाटो स्तरउन्नती (समपुरक))
१५. ग्राभेल माटो ढुङ्गा उठाउने अनुमती दिने सम्बन्धमा।
१६. निर्माण सामाग्रीको उपलब्धतामा समन्वय गर्ने सम्बन्धमा।
१७. गरिबसँग विश्वश्वर कार्यक्रम अन्तर्गत संचालन गर्ने योजना छनौट सम्बन्धमा।
१८. कार्यविधि स्वीकृत सम्बन्धमा। (सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी)
१९. अध्ययन अनुसन्धान गर्न अनुमती दिने सम्बन्धमा।
२०. ठेक्कामा बचेको परिमाण प्रयोग सम्बन्धमा।
२१. टोलको मार्ग नामाकरण सम्बन्धमा।
२२. विद्यालय व्यवस्थापन समिति सदस्य चयन सम्बन्धमा।
२३. विविध

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

२०८३।०१।२१
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २

२.१ महाशाखा/शाखा र वडा कार्यालयहरुलाई आगामी आ.व.२०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट निर्माण गरी यही मिति २०८३।०२।१० गते भित्र पेश गर्न निर्देशन दिने निर्णय गरियो।

२.२ आगामी आ.व. २०८३/०८४ को बजेट निर्माणका लागि महाशाखा/शाखाहरुलाई चालु आ.व.मा प्राप्त बजेट सिलिङमा ५० प्रतिशत कम गरी योजना तथा कार्यक्रम निर्माण गर्ने, साथै वडाहरुको हकमा ५० लाखको सिमा परिधिभित्र रही योजना तथा कार्यक्रम निर्माण गर्न सिलिङ उपलब्ध गराउने निर्णय गरियो।

२.३ घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८३/८४को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी कार्यदल गठन गर्ने।

तपसिलः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| वित्तीय व्यवस्थापन महाशाखा प्रमुख | -सदस्य |
| बरिष्ठ तथ्याङ्क अधिकृत | -सदस्य |
| सूचना प्रविधि अधिकृत | -सदस्य |
| सहायक कम्प्युटर अधिकृत | -सदस्य |
| पूर्वाधार विकास महाशाखा प्रमुख | -सदस्य सचिव |

निर्णय नं. ३

अभिभावकहरुबाट व्यापक रुपमा आइतबार समेत विद्यालयहरु संचालन गरी पठनपाठन सुचारु राख्ने सम्बन्धमा सुझावहरु प्राप्त भएकोले यस उपमहानगरपालिका अन्तर्गत संचालित विद्यालयहरुले अभिभावकहरुको सल्लाह सुझाव बमोजिम आइतबार समेत विद्यालय संचालन गरी नियमित पठनपाठनको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो।

निर्णय न ४

यस उपमहानगरपालिका अन्तर्गतका विभिन्न क्षेत्रहरुमा विद्यमान सुकुम्बासी समस्या व्यवस्थापन गर्न पहिलो चरणमा सरकारी/सार्वजनिक जग्गा, खोला किनार जस्ता नकारात्मक सूचीमा बसोबास गरेका सुकुम्बासीहरुको लगत संकलन गरी वास्तविक सुकुम्बासी पहिचान, वर्गिकरण र व्यवस्थापकीय खाका तयार गर्ने। व्यवस्थापनको उपर्युक्त खाकाको तयारी र स्रोत साधनको व्यवस्थापन नगरी सुकुम्बासीहरुको घर टहरा भत्काउदा तत्काल व्यवस्थापन गर्न नसकिने व्यहोरा सम्बन्धीत निकायमा जानकारी गराउने।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. ५**

संघ सरकारले मालपोत र नापी कार्यालय स्थानीय सरकारलाई हस्तान्तरण गर्ने सम्बन्धमा आवश्यक जनशक्ति सहित घरजग्गा कारोबारको लाभकर र रजिश्ट्रेसन शुल्क शतप्रतिशत स्थानीय सरकारमै रहने गरी कानुनी व्यवस्था सहित हस्तान्तरण गर्ने सुनिश्चितता भएमा मात्र नापी तथा मालपोतको जिम्मेवारी बहन गर्न तयार रहेको व्यहोरा सम्बन्धीत निकायमा जानकारी गराउने।

**निर्णय नं. ६**

भुमि व्यवस्थापन कार्यमा नापजाँचमा खटिने प्राविधिक कर्मचारीहरुलाई कार्यालय समय भन्दा अतिरिक्त समय काममा खटिनुपर्ने तथा सार्वजनिक विदाको दिनमा समेत काममा खटिनुपर्ने भएको हुँदा अतिरिक्त समयमा काम गरे वापत प्रोत्साहन स्वरुप प्रतिदिन खाजा खर्च रु.५००।— र सार्वजनिक विदाको दिनमा काम गरे वापत खाना र खाजा खर्च स्वरुप रु.१०००। सम्पादित कार्य विवरण र हाजिरी समेतका आधारमा उपलब्ध गराउने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/ GSMC/41/079/080 | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउनन्ती | श्री राना ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०७।२४ | २०८१।०३।३१ | २०८३।०१।३० (चौथो पटक म्याद थप) |
| २ | NCB/WORKS/ GSMC/41/079/080 | १५ शैया हस्पिटल भवन निर्माण | वर्षा डेभलपर प्रा.लि. | २०७८।०३।२८ | २०७९।०८।२९ | २०८३।११।२५ (चौथो पटक म्याद थप) |

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको नगर प्रशासनिक भवन निर्माणका लागि २०७८।०१।०६गते सम्झौता भई २०८२।१२।२६ गते नवौ रनिङ विल भुक्तानीका लागि पेश भएकोमा उक्त योजनाको हालसम्मको निर्माण कार्यको प्रगति सम्बन्धमा आवश्यक छलफल हुँदा भवन निर्माण, गुणस्तर लगायतका विषय सन्तोषजनक देखिएकोले तोकिएको समयभित्रै निर्माण कार्य गर्न निर्देशन दिने र प्राविधिक मूल्याङ्कनको आधारमा पूर्वाधार विकास महाशाखाबाट पेश भएको रनिङ विल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ९

घोराही उपमहानगरपालिका वडा नं. ३ मा रहेको सञ्जिवनी इन्स्टिच्युट अफ एडभान्स स्टडिज एण्ड टिचिङ हस्पिटल प्रा.लि.लाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुरक्षित मातृत्व सेवा संचालन अनुमतीका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

निर्णय नं. १०

स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत प्रथम सेवा विन्दु स्थापनाका लागि घोराही उपमहानगरपालिका भित्र रहेको जनशक्ति र स्रोत साधनको उपलब्धताको विस्तृत अध्ययन गरी प्रथम सेवा विन्दु स्थापना गर्ने सम्बन्धमा स्पष्ट खाका सहितको प्रतिवेदन पेश गर्न जनस्वास्थ्य प्रवर्द्धन शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ११

११.१ घोराही उपमहानगरपालिकाको ठेक्का नं. NCB/WORKS/ GSMC/41/079/080 रहेको वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउन्नती योजना सम्पन्न गर्दा उक्त योजनाका लागि VO 1 गर्नुपर्ने अत्यावश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(५) बमोजिम गठित विषेशज्ञ समितिको सिफारिसमा मेजर आइटमहरु Hume pipe, water supply pipe, Sub-base, base र asphalt को Quantity आदीमा फेरबदल हुन गएकोमा बोल कबोल रकममा रु.१४००३३३७।८० मा नबढने गरी विशेषज्ञ समुहको सिफारिसमा भेरिएसन अर्डर १ गरी Variation sheet मा उल्लेख भए अनुसार Original Contract Amount लाई Change Contract Amount को आधारमा सुधार गरी Vo1 र Justification समेतको आधारमा पूर्वाधार विकास महाशाखाबाट पेश भएको VO1 स्वीकृत गर्ने निर्णय गरियो।

११.२ घोराही उपमहानगरपालिकाको ठेक्का नं. NCB/WORKS/GSMC/33/081/082 वडा नं. १०, १४ र १५ मा सडक स्तरउन्नती (सडक प्याकेज २) (सडक प्याकेज २ असपाल्ट ( पाठक चोकदेखि गुलरिया चोक, दिपशिखा चोकदेखि पूर्व सडक, अटोभिलेज सडक, स्वर्गद्वारी एफ.एम. अगाडी, दुरसञ्चार लखनपार्क उत्तर अम्राई सडक लगायत)अन्तर्गत पाठक चोकदेखि गुलरिया चोक सडक पिच कार्य गर्दा नालाको इस्टिमेट सो सडक section को ६५० मिटर मात्र रहेकामा उक्त ढल नालाको निकासको लागि थप ४०० मिटर नाला निर्माण गर्न अत्यावश्यक भएको र साथै इन्टिमेटमा रहेको ७ मिटर पिच सडकको चौडाईलाई नालादेखि नालासम्म ९।७० मिटर चौडाई पिच गर्न भनि स्थानीय टोलवासीले काम अवरोध भएकोमा नगर प्रमुख, कार्यालय प्रमुख तथा पूर्वाधार महाशाखाको समेतको सहमतीमा सरोकारवालाहरुको जनगुनासोलाई मध्यनजर राखि इस्टिमेट भन्दा नालाको लम्बाई र सडकको चौडाई बढाउन आवश्यक भएकोले उक्त कार्य गर्दा Major items हरु जस्तै Concrete, Reinforcement, Sub-base, base, Prime, tack र asphalt को Quantity इस्टिमेट भन्दा बढी हुन आएकाले शुरुको कबोल ठेक्का अंक रु.४५६६४७५०।४८ भ्याट सहित टेण्डर स्वीकृत स्वीकृत भएकोमा हाल ८.०८ प्रतिशत बढीको VO1 गर्दा रु.४९३५४८९२।७३ भ्याट सहितको पुर्वाधार विकास महाशाखाबाट पेश भएको भेरिएसन अर्डर १ स्वीकृत गर्ने।



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १२

१२.१ घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने शारदा बस्नेतको नाममा रहेको साबिक नारायणपुर १क कि.नं. ४७ र ४८ क्षेत्रफल ५०७।८७ वर्ग मिटर जग्गा खेतीयोग्य बनाउन जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि द अरुण भ्याली इञ्जिनियर कन्सल्टेन्सी प्रा.लि. माडी २ रोल्पाबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१२.२ घोराही उपमहानगरपालिका वडा नं. ९ बस्ने जित बहादुर चौधरीको नाममा रहेको साविक ढिकपुर ७ग कि.नं. २५० क्षेत्रफल ०-२-० कट्ठा जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि ९ नं. वडाका प्राविधिक रविन पंगालीले घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१२.३ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने प्रेम बहादुर चौधरीको नाममा रहेको साविक हरिद्वार ५क कि.नं. ४११ क्षेत्रफल ०-१-१८ जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि गुगोल इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. घोराही १५ दाङबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१२.४ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने जगुलाल चौधरीको नाममा रहेको साविक हरिद्वार ५क कि.नं. ४९३ क्षेत्रफल ०-१-० जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि गुगोल इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. घोराही १५ दाङबाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१२.५ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने खगि के.सी.को नाममा रहेको साविक हरिद्वार ५क कि.नं. ४३७ क्षेत्रफल ५६२।२५ वर्ग मिटर जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि वडा कार्यालयका प्राविधिक सव इन्जिनियर डण्डविर वलीले घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

१२.६ घोराही उपमहानगरपालिका वडा नं. ७ बस्ने गिरा कुमारी भट्टराईको नाममा रहेको साविक सौडियार ९क कि.नं. ६३६ क्षेत्रफल ०-२-० जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि न्यू भिजन इन्जिनियरिङ सलुसन प्रा.लि.बाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

१२.७ घोराही उपमहानगरपालिका वडा नं. ३ बस्ने कमला चौधरीको नाममा रहेको साविक भैसकुर्मा ३क कि.नं. ३८२ क्षेत्रफल ६५१.८८ वर्गमिटर जग्गा सम्याउदा निस्कने ढुङ्गा माटो ग्राभेल संकलन/उत्खननका लागि द अरुण भ्याली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.बाट घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १९को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित वराहक्षेत्र माध्यामिक विद्यालय सेवार वनगाउँमा रहेको २ वटा पुराना जिर्ण अवस्थामा रहेका भवन जुनसुकै अवस्थामा भत्किन सक्ने अवस्था रहेको भनि प्राविधिक प्रतिवेदन सहित पेश भएकोले उक्त भवन भत्काइ हटाउन विद्यालयलाई अनुमती दिने निर्णय गरियो।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. १४ को नगर वडा समपुरक योजना अन्तर्गत जनमैत्री टोलमा बाटो स्तरउन्नती शीर्षकका रु. २० लाख विनियोजन भएको र उक्त योजना सम्पन्न गर्न ४० लाख आवश्यक पर्ने हुँदा आगामी वर्षको बजेटमा रकम सुनिश्चिता हुने गरी बहुवर्षीय आयोजनाको रुपमा ठेक्का आव्हान गर्ने, त्यसैगरी वडा नं. ५ धोलडाँडादेखि गोठलीगाउँ जाने बाटो स्तरउन्नतीमा रु.१२ लाख बजेट विनियोजन भएको र उक्त योजना सम्पन्न गर्न १५ लाख आवश्यक पर्नेहुँदा आगामी आ.व.मा बजेट सुनिश्चिता हुनेगरी बहुवर्षिय आयोजनाको रुपमा ठेक्का आव्हान गर्न पुर्वाधार विकास महाशाखालाई अनुमती दिने निर्णय गरियो।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित सेवार खोलामा निरुता कन्स्ट्रक्सन प्रा.लि.ले फाउण्डेसन खन्दा ग्राभेल माटो ढुङ्गा खोला बग्ने स्थानमा थुप्रिएर रहेकोले उक्त नदीजन्य पदार्थ नउठाउदा वर्षाको समयमा बाढी आउदा वरपरको खेतीयोग्य जमिनमा नोक्सानी हुनसक्ने भएको उक्त ग्राभेलको परिमाण प्राविधिकबाट नापजाँच गरी १३ नं वडा कार्यालयको प्रत्यक्ष निगरानीमा नियमानुसारको राजश्व लिई उपभोक्ता समितिबाट सम्पन्न हुने आयोजनामा प्रयोग गर्न अनुमती दिने निर्णय गरियो।

**निर्णय नं. १६**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३९३ मिति २०८३।०१।११ पत्रबाट निर्माण सामाग्रीको उपलब्धतामा समन्वय गर्ने सम्बन्धमा संघीय, प्रादेशिक र स्थानीय तहबाट ठेक्का अन्तर्गत संचालित आयोजनाहरुमा नदीजन्य पदार्थ उपलब्ध गराउन यस घोराही उपमहानगरपालिका क्षेत्रभित्र IEE गरिएका क्षेत्रबाट प्रदेश सरकारले तोकेको राजश्वमा १५ प्रतिशत ओभरहेड थप गरी नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो।



रामबहादुर हमाल

नरुलाल चौधरी

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १७

गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत संघीय सरकारबाट आ.व. २०८२/८३का लागि शसर्त अनुदान अन्तर्गत प्राप्त बजेट रकम रु.३ लाख वडा नं. ५, १३ र १८ मध्ये वडा नं. ५ बाट मुल समितिको बैठक बसी निम्न योजना संचालन गर्ने भनि भएको निर्णय समर्थन गर्दै योजना संचालनका लागि अनुमती दिने निर्णय गरियो।

तपसिलः

१. तिला नेपालाको घरनेर खानेपानी रिङकुवा निर्माण। रु.५० हजार
२. शान्ता वलीको खेतबाट विष्णु पौडेलको खेतसम्म पक्की नाला निर्माण। रु.१ लाख
३. डि.एच.६ देखी मोहन सिं पछाइको बारीसम्म पक्की नाला निर्माण। रु.१ लाख
४. कल्पना रानाको घरनेर खानेपानी रिङ कुवा निर्माण। ५० हजार

निर्णय नं. १८

घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाबाट पेश भएको सामुदायिक विद्यालयहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०८२ संशोधन सहित स्वीकृत गर्ने।

निर्णय नं. १९

यस कार्यालयमा कार्यरत सव इन्जिनियर मधुसुदन खतिवडा कन्स्ट्रक्सन म्यानेजमेन्ट इन्जिनियरिङ विषयमा स्नातकोत्तर गरिरहेको हुँदा यस घोराही उपमहानगरपालिकामा निर्माण भएको जलाशयहरुमा अध्ययन अनुसन्धान गरी Research Paper, Article, Journal तयार पारी प्रकाशन गर्न अनुमती दिने निर्णय गरियो।

निर्णय नं. २०

घोराही उप-महानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार आ.व.२०८२/०८३ मा सञ्चालित ठेक्का प्याकेज नं. NCB/WORKS/GSMC/३५/०८१/०८२ अन्तर्गत वडा नं.६ बचाहा खल्यान छेउको खोलामा कल्भर्ट निर्माण योजना निर्माण भई बाँकी रहेको ग्यावियन जाली र स्टोन मेसेनरी वालको परिमाण सोही ठेक्का प्याकेज अन्तर्गत क्रमशः वडा नं.१७ ओखराको बग्गी सोतामा कल्भर्ट निर्माण र वडा नं. ३ मिलनचोक देखि डावर टोलसम्म बाटो स्तरोन्नती योजनामा प्रयोग गर्न साथै वडा नं. ३ मिलनचोक देखि डावर टोल सम्म बाटो स्तरोन्नती योजना अन्तर्गत पलम कंक्रीट वाल र नाला/कुलोको लम्बाई घटाएर ५" (१२.५० से.मी.) मोटाईको वाल भएको नाला/कुलो निर्माण गर्न र साईडमा माटो फिलिङ गर्न अनुमती दिने निर्णय गरियो।

निर्णय नं. २१

घोराही उपमहानगरपालिका वडा नं. १७ कमलपोखरी टोल अन्तर्गत लक्ष्मण प्रसाद रिजालको घरदेखि पूर्व चित्रमणी आचार्यको घरसम्मको बाटोलाई सरस्वती मार्ग नामाकरण गर्ने टोल विकास समितिको निर्णयलाई समर्थन उक्त टोलको नाम सरस्वती मार्ग नामाकरण गर्ने निर्णय गरियो।



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. २२

घोराही उपमहानगरपालिकाका वडा नं. ७ स्थित श्री रात्री प्रा.वि. सुक्रवारमा रिक्त हुन गएकोले विद्यालय व्यवस्थापन समितिको सदस्यमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५(पहिलो संशोधन)को दफा २०क को उपदफा (१) खण्ड (ग) मा भएको व्यवस्था अनुसार देहाय बमोजिमका महानुभावहरुलाई मनोनित गर्ने निर्णय गरियो।

देहायः

१. श्याम नारायण चौधरी
२. श्याम चौधरी
३. बसन्ती बुढाथोकी

निर्णय नं. २३

२३.१ Environment and Public Health Organization(ENPHO) ले तयार गरी पेश गरेको घोराही उपमहानगरपालिकाको दिशाजन्य लेदो व्यवस्थापन प्लान्ट निर्माणको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने साथै स्वीकृत प्रतिवेदन सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो।

२३.२ घोराही उपमहानगरपालिका वडा नं. २ चाक्लीघाटमा रहेको गौशालामा रहेको मलखाद बिक्रिका लागि ६ चक्के टिप्परको प्रति टीप रु.१०,०००।– र ट्याक्टरको प्रति ट्रलीको रु.२,५००।– भाडादर कायम गरी बिक्रि गर्ने निर्णय गरियो।

२३.३ राष्ट्रिय साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाललाई क्षमता अभिवृद्धी तालिम तथा लुम्बिनी प्रदेश स्तरीय भेलाका लागि आर्थिक सहयोग माग भएकोमा महासंघलाई सहयोग स्वरुप कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

२३.४ तपसिल बमोजिमका विपन्न नागरिकहरुलाई औषधी उपचार खर्च सहयोग गरिदिनुहुन भनि वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले उहाँहरुलाई प्रतिव्यक्ति उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रु.५,०००।–सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१. सुभानी चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ४

२. बन्दना चौधरी, घोराही उपमहानगरपालिका वडा नं. ४

२३.५ घोराही उपमहानगरपालिका ३ नं. वडाका वडा अध्यक्ष राम प्रसाद चौधरीज्यूका बुवाको यही मिति २०८३।०१।११ गते ८३ वर्षको उमेरमा र वडा नं. ५ का वडा सदस्य विष्णु बिश्वकर्माज्यूका बुबाको यही मिति २०८३।०१।१८ गते असामयीक निधन हुनुभएको खबरले घोराही उपमहानगरपालिका नगरकार्यपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखको घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनहरुमा हार्दिक समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख